प. क्षे. हु. नि. द. नं. ३/०७४/७५

# पृथ्वी बुलेटिन
Prithvi Bulletin

Year 3; Issue 1; March - August 2018

Tribhuvan University
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस

# पृथ्वीनारायण विश्वविद्यालय स्थापनार्थ गुरूयोजना बन्ने

**परिवर्तित सन्दर्भमा यस क्याम्पसलाई पनि परिवर्तन गर्न जरूरी छ - क्याम्पस प्रमुख थापा**

त्रि.वि.- पृ.ना.क्या., माघ २१ - पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालयमा रूपान्तरण गर्न गुरूयोजना तयार गर्न एक समिति गठन गरी कार्य अगाडि बढाउने निर्णय गरिएको छ। क्याम्पस स्रोतका अनुसार गुरूयोजना एक महिनाभित्र तयार गरिने छ।

समितिमा भूगोलविद्हरू प्रा.डा. कृष्ण केसी र खगेन्द्रराज पौडेल र इन्जिनियरहरूका तर्फबाट पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पसका दीपक थापा, नारायण तिमिल्सिना र बाबुराम भण्डारी रहनुभएको छ। भूगर्भविद् वनविज्ञान क्याम्पसका डा. रामप्रसाद शर्मा पनि समितिमा रहनुभएको छ।

त्यसैगरि समितिमा क्याम्पसका तर्फबाट कानूनविद् प्राध्यापक हिमराज गिरी, आर्थिक प्रशासन प्रमुख चिरञ्जीवी थपलिया, मुख्य प्रशासक प्रेमलाल बराल, सामान्य प्रशासन प्रमुख केदारनाथ अधिकारी, व्यवस्थापन विषयका रेशम राज शर्मा, शिक्षा योजना तथा व्यवस्थापनका श्रीकृष्ण पन्थी, शिक्षाका खिमराज सुवेदी, इतिहास विषयका डा. दीर्घमान गुरूङ र नारायण ढकाल, विद्यार्थी कल्याण शाखा प्रमुख नेत्रनारायण पौडेल र पृ.ना.क्याम्पस अन्तर्गत रहेको QAA/Reform Unit का डा. मीन पुन रहनु भएको छ।

क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापा, सहायक क्याम्पस प्रमुखहरू प्राध्यापक तारा खनाल, डा. वीरबहादुर कार्की र नन्दलाल अधिकारीलाई समितिको सल्लाहकारमा चयन गरिएको छ।

क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाको अध्यक्षतामा गुरूयोजना कार्यसमितिको प्रथम बैठक बसेको थियो। बैठकलाई सम्बोधन गर्ने क्रममा प्रा.डा.थापाले प्रदेश नं. ४ मा अवस्थित त्रिवि अन्तर्गतका आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरूसंग मिलेर यस क्याम्पसलाई राष्ट्रिय स्तरको विश्वविद्यालय बनाउन पहल गरिने प्रतिबद्धता जाहेर गर्नुभयो। वहाँले अगाडि भन्नुभयो, "परिवर्तित सन्दर्भमा यस क्याम्पसलाई पनि परिवर्तन गर्न जरूरी छ।"

समितिका सदस्य भूगोलविद् प्रा.डा. कृष्ण केसीले विश्वविद्यालय स्थापनार्थ क्याम्पसको अधीनमा भएको भूमिलाई सही तरिकाले उपयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। भूगोल विभागमा अध्यक्ष रहिसक्नुभएका डा. केसीले हरेक दृष्टिकोणले क्याम्पसको भूमि विश्वविद्यालय निर्माणका लागि उपयुक्त छ भन्नुभयो।

बैठकमा समितिका सदस्यहरू ईन्जिनियर थापा, तिमिल्सिना र भण्डारीका साथै भूगर्भविद् डा. शर्माले बोल्नुभएको थियो। त्यसैगरि व्यवस्थापन विज्ञहरू रेशमराज शर्मा र श्रीकृष्ण पन्थीले पनि आफ्ना विचार राख्नुभएको थियो।

QAA/Reform Unit, पृथ्वीनारायण क्याम्पसका संयोजक समेत रहनु भएका सह-प्राध्यापक डा. मीन पुनले गुरूयोजनालाई विश्वविद्यालय स्थापनाका लागि प्रयोग गर्नुका साथै QAA प्राप्त गर्नमा उपयोग गरिने छ, भन्नुभयो। गुरूयोजनाले उच्च शिक्षालाई व्यवस्थित गर्नेछ र आर्थिक श्रोत जुटाउनमा समेत उपयोगी हुने विचार व्यक्त गर्नुभयो।

बैठकले विविध पक्षका विज्ञहरू रहने गरि भौतिक योजना, व्यवस्थापकीय योजना, आर्थिक योजना र शिक्षण योजना समेत चारवटा उप-समिति गठन गरि कार्य अगाडि बढाउने निर्णय गरेको छ।

# Prof. Dr. Devraj Adhikari: Higher education needs greater autonomy for excellence

TU-PNC, 15 Dec. 2017 – Prithvi Narayan Campus in collaboration with the TU Higher Education Reform Project, Kirtipur organized a one-day interaction program on 15 December 2017.

The theme of the program was "Autonomy of Higher Education in the Changed Context: Opportunities and Challenges for Prithvi Narayan Campus" which was organized with a view to discussing whether or not Prithvi Narayan Campus can get into its autonomous status under the protection of Tribhuvan University.

The interaction program was chaired by Prof. Dr. Chandra Bahadur Thapa, Campus Chief of Prithvi Narayan Campus, Pokhara and attended by dignitaries from Pokhara and Kathmandu.

There were six speakers to discuss various issues of the theme of the program: two from Prithvi Narayan Campus and the rest from Kathmandu, representing the TU Higher Education Reform Project (TU-HERP), University Grants Commission (UGC), and the World Bank.

Speaking on the topic "QAA Process and the Role of University Grants Commission," Prof. Dr. Devraj Adhikari who is serving as Member Secretary of the UGC said that higher education institutions in Nepal should systematically take into account trends in the changed context as the nation is in the process of implementing the federal system of government. He further said, "Higher education needs greater autonomy for excellence," adding that we need to understand latest trends in the world of academic institutions such as autonomy of higher education.

CONTINUED ON PAGE 5 ....

## INSIDE THIS ISSUE


- Master Plan/1
- Friendly Relations/2
- Former Campus Chief Thapa Passed Away/2
- Interaction on Semester System/3
- SSR to Be Submitted in May/4
- Establishing a State University/ 6
- QAA and Reform/8
- Semester System/9
- Founder Instructor Felicitated/10
- Library Management Training/11
- Sports-Meet 2017 Celebrated/12

# Friendly Relations to Be Extended between Prithvi Narayan Campus and Two Japanese Universities

TU-PNC, 30 Dec. 2017 – Prithvi Narayan Campus and two Hokkaido-based Japanese universities have shown their interest to extending friendly relations between/among their institutions, it is learned.



*Campus Chief Prof. Dr. Chandra Bahadur Thapa and Prof. Dr. Kazuhiko Sato of Japan exchanging a proposal on the Memorandum of Understanding (MoU)*

Campus Chief Prof. Dr. Chandra Bahadur Thapa handed over a proposal of Memorandum of Understanding (MoU) to Prof. Dr. Bishnu Prasad Gautam of Wakkanai Hokusei Gakuen University and Prof. Dr. Kazuhiko Sato of Muroran Institute of Technology, Japan for academic exchange and international cooperation.

It is mentioned in the MoU that Prithvi Narayan Campus and two universities in Japan will develop academic exchange and international cooperation in the development of mutually beneficial exchange programs which will enhance the educational, cultural and scientific development of institutions of both countries. Exchange programs will take into force after the signing of MoU by the authorities of respective universities.

During the formal talk between/among the universities, Prof. Dr. Thapa said that this agreement will help establish friendly relations between the universities. "Both institutions have agreed that in support of our mutual interests in the field of education and research, and in accordance with terms and conditions agreed upon in the MoU".

Wishing to extend a cordial relation between Prithvi Narayan Campus and Japanese universities, Prof. Dr. Gautam said that the institutions will recognize their strengths in research and education in the disciplines of science and technology, and their mutual interest in engaging themselves in academic cooperation.

Similarly, Prof. Dr. Sato said that this friendship will foster collaboration and provide opportunities for our institutions to have an international experience based on mutual benefit and reciprocity.

According to Associate Professor of English and QAA/Reform Unit Coordinator Dr. Min Pun who moderated the MoU, the purpose of this agreement is to facilitate advancement of knowledge and to share cultures. He further said, "Prithvi Narayan Campus will continue working with other universities across the world in order to internationalize higher education in our institution".

Professors from Japanese universities were in the campus to give presentations on topics related to information technology, collaborative e-learning system and smart technology. Their trip to Nepal was facilitated by Ramji Gautam, a Lecturer at the Department of Zoology, Prithvi Narayan Campus.

# स्वर्गीय महेन्द्रभूषण थापाको सम्झनामा श्रद्धाञ्जली सभाको आयोजना

त्रि.वि.- पृ.ना.क्या., पौष १४ - पृथ्वीनारायण क्याम्पसका पूर्व क्याम्पस प्रमुख महेन्द्रभूषण थापाको मिति २०७४ पौष ५ गतेका दिन असामयिक निधन भएकाले वहाँको सम्झनामा एक शोक सभाको आयो जना गरि श्रद्धाञ्जली अर्पण गरियो ।

क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाको अध्यक्षतामा भएको सो शोक सभामा पूर्व क्याम्पस प्रमुखहरू प्रा.डा. दीलबहादुर क्षेत्री र गेहेन्द्रेश्वर कोइराला, प्रदेश नं. ४ का सांसद राजीव पहारी, प्राध्यापक संघका सभापति प्रा.डा. वेदनाथ शर्मा, र कर्मचारी संघका पूर्व सभापति रामविक्रम राणाको विशे ष उपस्थिति रहेको थियो ।



स्वर्गीय थापा मिति २०५६ साल माघ ९ गतेदेखि मिति २०६० साल माघ ८ गतेसम्म पृथ्वीनारायण क्याम्पसको क्याम्पस प्रमुखका रूपमा सेवारत हुनुहुन्थ्यो भने क्याम्पस प्रमुख हुनु भन्दा पहिले वहाँ प्राध्यापक संघ पृथ्वीनारायण क्याम्पस इकाईका सभापति समेत रहनु भएको थियो ।

एक मिनेट मौनधारणबाट सुरू भई स्वर्गीय थापाको तस्वीरमा फूलगुच्छा र अवीरले माल्यार्पण गरिएको सो शोक सभामा क्याम्पस प्रमुख थापाले स्वर्गीय थापाको कार्यकालमा भएका गतिविधिका बारेमा बोल्नुभएको थियो । क्याम्पस प्रमुख थापाले स्वर्गीय थापा एक सच्चा प्राज्ञिक व्यक्तित्वका साथै प्रशासनिक दक्षता भएका व्यक्ति हुनुहुन्थ्यो भन्नुभयो । वहाँले अगाडि भन्नुभयो, "वहाँ क्याम्पस प्रमुखमा नियुक्त नभएको भए यस क्याम्पसले तल्लो लेयरको जग्गा गुमाउने थियौं ।"

स्वर्गीय थापाको कार्यकालको स्मरण गर्दै पूर्व क्याम्पस प्रमुख प्रा.डा. क्षेत्रीले स्वर्गीय थापाले यो क्याम्पसलाई थुप्रै भौतिक तथा शैक्षिक विकासमा योगदान दिएर गएको भन्नुभयो । त्यसैगरि पूर्व क्याम्पस प्रमुख कोइरालाले राजनैतिक आस्था जतातिर भएपनि स्वर्गीय थापाले आफ्नो कार्यकालमा कसैलाई सो कुराको महशुस नगराईकन अगाडि बढेको विचार व्यक्त गर्नुभयो ।

स्वर्गीय थापाको कार्यकालमा भएका स्मरणयोग्य कार्यमध्ये प्राध्यापक संघको भवनको निर्माण, विजनेस कम्प्लेक्सको निर्माण, कर्मचारी संघको भवन निर्माणमा सहयोगका साथै करीब ५७ जना शिक्षकहरूलाई कोर्स करारको अवधारणामार्फत क्याम्पसमा जागिरको सुरक्षालगायतका रहेका थिए ।

# कर्मचारी संघद्वारा सम्मान, विदाई तथा छात्रवृति प्रदान

त्रि.वि. – पृ.ना.क्या., माघ १२ – कर्मचारी संघ, पृथ्वीनारायण क्याम्पस इकाई समितिद्वारा सम्मान, विदाई तथा छात्रवृति प्रदान गर्न एक कार्यक्रमको आयोजना हालै सम्पन्न गरेको छ ।

संघका सभापति नवराज बाँस्तोलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाको प्रमुख अतिथि रहनु भएको थियो भने संघका उप-सभापति बलराम पहारीले स्वागत मन्तव्य दिनुभएको थियो ।

त्रिविमा २५ वर्ष सेवा गरेवापत दीर्घसेवा सम्मानबाट सम्मानित हुने कर्मचारीहरूमा श्रीराम आचार्य र शान्तिदेवी पाठक हुनुहुन्थ्यो ।

त्रिविको सेवानिवृत भई विदाई सम्मान पाउनेहरूमा माधवप्रसाद ताम्राकार, नगेन्द्रप्रसाद आचार्य, हरिशंकर शाह, धर्म उदास, प्रेम केसी, पुतली पोडेनी, नीलकुमारी गुरूङ र तीर्थमाया जलारी हुनुहुन्थ्यो ।

छात्रवृतिबाट सम्मानित हुने कर्मचारीका छोरा छोरीहरूमा सामुदायिक विद्यालयका तर्फबाट रामजी पाण्डेका छोरा रविन पाण्डे र निजी विद्यालयका तर्फबाट रत्नमायाँ जलारीका छोरी इलिसा जलारी हुनुहुन्थ्यो । छात्रवृतिको राशि प्रति विद्यार्थी रू. ४०००/- रहेको छ जुन हरेक वर्ष कर्मचारीका २ जना छोराछोरीहरूलाई प्रदान गरिदै आएको छ ।

कार्यक्रममा क्याम्पस प्रमुख प्रा.डा. थापा, कर्मचारी संघका पूर्व सभापति रामविक्रम राणा, सहायक क्याम्पस प्रमुख नन्दलाल अधिकारी, प्राध्यापक संघका तर्फबाट प्राध्यापक देवनारायण सुतिहार, र प्रशासनका तर्फबाट प्रेमलाल बरालले शुभकामना मन्तव्य दिनुभएको थियो ।

त्यसैगरि वैचारिक संगठनहरूका तर्फबाट शुभकामना मन्तव्य दिने कर्मचारीहरूमा प्रगतिशील समूहका चन्द्रबहादुर खड्का, प्रजातान्त्रिक समूहका गणेश शर्मा र राष्ट्रिय कर्मचारी समूहका पूर्ण गुरूङ हुनुहुन्थ्यो ।

कार्यक्रमको सञ्चालन सचिव धनबहादुर गुरूङले गर्नुभएको थियो ।

# Dept of Political Science Organized an Interaction Program on the Semester System

TU-PNC, 9 Feb. 2018 – The Department of Political Science under Prithvi Narayan Campus, Pokhara organized an interaction program on "Semester System in Master's Programs of Prithvi Narayan Campus" on 8 February 2018 in collaboration with Sayapatri Samaj, Kaski. The second series of interaction was held with the administrative staff of the campus after the first interaction with the faculty members of the campus on 6 Feb. 2018.

The second series of interaction program was chaired by Dept Head Dr. Uma Nath Baral and the welcome speech was delivered by Bijay Aryal, a Faculty at the Dept of Population Studies.

Speaking at the program, Dept Head Dr. Baral said that although Tribhuvan University not fully prepared to implement the semester system in its campuses across the country, all stakeholders should work together to make it successful.

At the same program, Chief Administrator Prem Lal Baral said, "In the changed context, administrative staff of the campus should be given proper training and the provision of Golden Handshake should be provided to those who want to quit their job voluntarily.

Speaking about the library, the librarian Kishor Subedi expressed his concern over the serious shortage of efficient staff to run the library. Similarly, a staff at the library Ram Bikram Rana said that there are serious problems of library management due to the increase in the student users day by day. He added that the campus administration should resolve the problem of the shortage of staff at the library.

Pramila Tajhya who is serving as administrator for the BALLB Program said that the success of a program depends on the efficiency of the Program Director who looks after the program. For instance, the BALLB Program is running successfully, she added.

Likewise, Store Keeper Navaraj Bastola said that the implementation of the semester system will increase the responsibility of the Department Heads and suggested that the administrative mechanism should be restructured and staff should be trained.

Participants who expressed their concern over the semester system were Ganesh Sharma, Keshab Poudel, Sushila Gurung, Shyam Tamrakar, Chandra Raman Parajuli, Mahesh Paneru, Balaram Pahari, Nirajan Thapa, Shashikala Adhikari, Gyan Bahadur Gurung, Chandra Bahadur Khadka, Dhan Bahadur Gurung, Purna Bahadur Khatri, Guna Devi Rana and Ramji Pandey. They spoke about its challenges, and gave advice for the successful implementation of the semester system within the campuses under Tribhuvan University.

While delivering the closing remarks, Dept Head Dr. Baral opined that Prithvi Narayan Campus is the largest among the campuses of Tribhuvan University, the campus should try hard to implement the semester system for the betterment of the future of the campus.

The interaction program was hosted by a Faculty at the Dept of Political Science Girdhari Subedi who informed that the third series of the interaction will be held with the students of the campus.




*Dr. Uma Nath Baral, Head, Dept of Political Science, speaking at the interaction program organized for employees*

# Self-Study Report (SSR) for QAA Certification to Be Submitted in May

TU-PNC, 13 Feb. 2018 – Prithvi Narayan Campus will submit the Self-Study Report (SSR) for the QAA certification to the University Grants Commission (UGC) in May this year. It is learnt that the preparation of report is underway.

Dr. Min Pun, Coordinator of QAA/ Reform Unit, Prithvi Narayan Campus informed that the submission of the SSR is the second phase of the QAA process, which is a formal process during which the campus identifies its specific strengths and weaknesses, and plans for necessary modifications and improvements before it receives an award of QAA certificate. “The campus is working hard to restructure the infrastructure and students support facilities before it submits its SSR to the UGC. It is necessary to meet the requirements for the award of QAA certificate,” he added.

The campus has already formed the Internal QAA Committee (IQAAC), which is the major authorized body to work on the QAA process for the institution. According to the source, the IQAAC is headed by Campus Chief Prof. Dr. Chandra Bahadur Thapa and coordinated by Dr. Pun as member secretary. The committee consists of a total of 9 members including Prem Lal Baral, Chiranjeevi Thapaliya, Dr. Ram Jeevan Yadav, Durga Sharma, Sushila Gurung, Kishor Subedi, and Kedar Nath Adhikari as members.

Likewise, the IQAAC has also formed various sub-committees to prepare documents that are necessary for the QAA processing. The sub-committees include Self-Assessment Team (SAT), Master Plan Team, Tracer Study Team, EMIS Team, and Annual Report Team.

# पृथ्वीनारायण क्याम्पसको ५८औं वार्षिकोत्सव भव्यताकासाथ सम्पन्न

त्रिवि-पृ.ना.क्या., भाद्र १७ - पृथ्वीनारायण क्याम्पस ५७औं वर्ष पूरा गरी ५८औं वर्षमा प्रवेश गरेको शुभअवसरमा आयोजित वार्षिकोत्सव समारोह मिति २०७४ भाद्र १७ गते शनिवारका दिन विविध कार्यक्रमसहित नवनियुक्त क्याम्पस प्रमुख प्रा.डा. चन्द्र बहादुर थापाको अध्यक्षतामा र पृथ्वीनारायण क्याम्पसका संस्थापक प्राचार्य जर्ज जोनको प्रमुख आतिथ्यतामा सुसम्पन्न भयो ।

प्रमुख अतिथिले त्रिविको झण्डा र समारोहका अध्यक्षले राष्ट्रिय झण्डालाई झण्डोत्तोलन गरी सुरू गरिएको उक्त कार्यक्रम प्रमुख अतिथिबाट दीप प्रज्वलन गरी समारोहको औपचारिक उद्घाटन गरिएको थियो ।

सो समारोहमा क्याम्पस व्यवस्थापन समितिका सदस्यहरू र पूर्व क्याम्पस प्रमुखहरूलाई विशेष आमन्त्रित गरिएको थियो । आमन्त्रित पूर्व क्याम्पस प्रमुखहरू जोर्ज जोन, गणेश बहादुर गुरूङ्ग, र प्रा.डा. दीलबहादुर क्षत्रीको उपस्थिति रहेको थियो । त्यसैगरि पूर्व निमित्त क्याम्पस प्रमुखहरू रामनाथ अधिकारी र प्रा. विश्वराज अधिकारीको पनि उपस्थिति रहेको थियो ।

प्रमुख अतिथिका आसनबाट बोल्दै आफ्नो मन्तव्य राख्ने क्रममा क्याम्पसका संस्थापक प्राचार्य जोनले पृथ्वीनारायण क्याम्पसका शिक्षक, विद्यार्थी र कर्मचारीको मेहनतले नै क्याम्पस यहाँसम्म आईपुगेको छ । वहाँको सुझाव थियो - “यदि क्याम्पसलाई माथि उठाउनु छ भने अरूको धेरै आशा नगर्नुस् तपाईहरूले नै बनाउने हो ।”

पूर्व क्याम्पस प्रमुखहरूका तर्फबाट बोल्दै निवर्तमान क्याम्पस प्रमुख प्रा.डा. देवेन्द्रबहादुर लामिछानेले भन्नुभयो - “पृथ्वीनारायण क्याम्पसलाई केन्द्रीय सरकारको मातहतमा त्रि.वि.कै हैसियतको छुट्टै सरकारी विश्वविद्यालयमा परिणत गर्नुपर्छ । यदि त्यो सम्भव नभएमा प्रादेशिक विश्वविद्यालय वा डिम्ड विश्वविद्यालयमा रुपान्तरण गर्नुपर्छ ।” नवनियुक्त क्याम्पस प्रमुख प्रा.डा. थापाको कार्यकालको उत्तरोत्तर प्रगतिको कामना गर्दै वहाँले अगाडि भन्नुभयो - “क्याम्पसले आगामी दुई वर्षमा ६०औं वर्ष प्रवेशको उपलक्ष्यमा मनाउन लागेको हीरक जयन्ती (Diamond Jubilee) र सोही अवधिभित्र क्याम्पसलाई विश्वविद्यालयमा परिणत गरि दुवैको शुभकार्य एकैचोटी मनाउने अवसर मिलोस् ।”

समारोहको समापन गर्दै क्याम्पस प्रमुख प्रा.डा. थापाले विद्यार्थी र संस्थाको भलाईको पक्षमा जस्तोसुकै पस्थितिमा पनि दरोगरी उभिने प्रतिबद्धता व्यक्त गर्नुभयो । वहाँले अगाडि भन्नुभयो - “समस्याहरू नभएका होईनन् तापनि हाम्रो निरन्तर प्रयास रहने छ, क्याम्पसमा प्राज्ञिक उन्नयनका लागि मेरो साथ रहने छ ।”

मन्तव्य दिनुहुने प्राध्यापक कर्मचारीहरूमा पूर्व क्याम्पस प्रमुखहरूका तर्फबाट निवर्तमान क्याम्पस प्रमुख प्रा.डा. देवेन्द्रबहादुर लामिछाने, विभागीय प्रमुखहरूका तर्फबाट प्रा.डा. ज्ञानबहादुर कार्की, प्राध्यापकहरूका तर्फबाट प्राध्यापक संघका सभापति प्रा.डा. वेदनाथ शर्मा, कर्मचारी संघका तर्फबाट नवनियुक्त सभापति नवराज बाँस्तोला, अवकाशप्राप्त प्राध्यापकहरूका तर्फशबाट प्रा. सुरेन्द्रबहादुर भारीजु र अवकाशप्राप्त कर्मचारीहरूका तर्फशबाट राधादेवी कार्की हुनुहुन्थ्यो ।

समारोहमा विभिन्न व्यक्तित्वहरूलाई सम्मान तथा पुरस्कृत समेत गरिएको थियो । दीर्घसेवा सम्मानबाट सम्मानित प्राध्यापकहरूमा सह-प्राध्यापक गोविन्दमणि भण्डारी, सह-प्राध्यापक इन्द्रप्रसाद शर्मा, प्रा.डा. पुष्पराज शर्मा, सह-प्राध्यापक डा. नरहरि उपाध्याय गौतम, सह-प्राध्यापक गोविन्दप्रसाद शर्मा, सह-प्राध्यापक नरेन्द्रनारायण झा र सह-प्राध्यापक शैलेन्द्रकुमार मल्लिक हुनुहुन्थ्यो ।

समारोहमा त्रिविबाट हालै अवकाशप्राप्त गर्नुहुने प्राध्यापकहरू प्रा. सुरेन्द्रबहादुर भारीजु, सह-प्राध्यापक प्रकाशमान गुभाजू, सह-प्राध्यापक रामगोपाल ढेवाजू, उप-प्राध्यापक टंकप्रसाद शर्मा पौडेल, उप-प्राध्यापक देवराज चालिसे, सह-प्राध्यापक विष्णुप्रसाद पराजुली, उप-प्राध्यापक धनपति सुवेदी र सह-प्राध्यापक टेकबहादुर गुरुङलाई विदाई तथा सम्मान गरिएको थियो ।

त्यसैगरी समारोहमा त्रिविबाट हालै अवकाशप्राप्त गर्नुहुने कर्मचारीहरू काशीनाथ अधिकारी, अमरबहादुर थापा, प्रेमबहादुर केसी, तीर्थमाया जलारी, हरिशंकर शाह, धर्मबहादुर उदास, राधादेवी कार्की, निलकुमारी गुरुङ र माधवप्रसाद ताम्राकारलाई पनि विदाई तथा सम्मान गरिएको थियो ।

समारोहमा “शेर बहादुर-पूर्ण कुमारी छात्रवृत्ति”, “मुक्तिध्वज-सूर्य कुमारी जोशी छात्रवृत्ति” र “कृष्ण-भारती छात्रवृत्ति”द्वारा विभिन्न संकायका विद्यार्थीहरूलाई उक्त वृत्ति प्रदान समेत गरिएको थियो ।

वार्षिकोत्सवको उपलक्ष्यमा प्राध्यापक, कर्मचारी तथा विद्यार्थीका प्रतिनिधिहरूबाट शुभकामना मन्तब्य समेत दिइएको थियो ।

सहायक क्याम्पस प्रमुख बसन्त पराजुलीले स्वागत मन्तब्य, सहायक क्याम्पस प्रमुख महेन्द्र आलेले धन्यवाद ज्ञापन र अर्का सहायक क्याम्पस प्रमुख नन्दलाल अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## PNC Alumni Committee Formed

TU-PNC, 17 Feb. 2018 – The first general meeting of the ex-students of Prithvi Narayan Campus has decided to form the PNC alumni executive committee.

The meeting has chosen Binod Parajuli of B.Sc. 2017 pass out as President, Indira Sharma of M.Ed. pass out as Vice-President, Anjani Gurung of 2016 pass out as Treasurer, Prabesh Gautam of BBA 2016 pass out as Secretary, Umesh Saru Thapa as Deputy Secretary, and Dilu Gurung of MA 2017 pass out, Govinda Bastola of LLB pass out, Dinesh Sharma of M.Ed. pass out, Anupa Tiwari of B.Sc. 2017 pass out, Suman Hamal of B.Sc. 2017 pass out and Devika Gurung of M.Ed. pass out.

According to the source, the main aim of the alumni is to develop communication between the campus and its alumni.

# Presentations on the Use of IT in Biological Sciences

TU-PNC, 27 Dec. 2017 – The Department of Zoology, Prithvi Narayan Campus in collaboration with the Zoological Society of Pokhara, Nepal organized a presentation program today, which was attended by scholars from the Muroran Institute of Technology, Japan and Wakkanai Hokusei Gakuin University, Japan.

The presentation program was chaired by Kishor Kumar Pokharel, Head of the Department of Zoology, Prithvi Narayan Campus, Pokhara and welcome speech was delivered by the Vice-President of the Zoological Society of Pokhara Ganesh Timilsina.

Prof. Dr. Bishnu Prasad Gautam, a faculty at the Faculty of Integrated Media, Wakkanai Hokusei Gakuin University, Hokkaido, Japan gave a presentation on the topic "Revival of Traditional Equipments with Modern Mind: Smart Aamako Janto". He spoke on the traditional Nepali equipments such as Janto, Dhiki, Nango, etc. which were more advanced than the Japanese traditional equipments used by agro-based communities. He said that agro-related traditional equipments are in endangered situations, which should be made smarter using internet-based technologies. It is learnt that Prof. Gautam is developing smart agro-related equipments from the traditional Nepali equipments to be used by the Nepali people, which will cost approximately 20 to 30 thousand Nepali rupees that may include all kinds of devices to operate the equipments.

Dr. Kazuhiko Sato, an Associate Professor at the Division of Information and Electronic Engineering, Muroran Institute of Technology, Hokkaido, Japan gave his presentation on the topic "Collaborative E-Learning in Schools in Nepal" which is based on a project in Kaski and supported by his institute. He said that by using this technology the school children in Nepal and the school children in Japan can be benefitted by exchanging each other's culture through sharing pictures that will introduce to each other's cultures.

Similarly, Kenya Kobayashi, an M.Sc. student at the Muroran Institute of Technology, Japan presented a paper on Salmon, a species of fish available in Japanese sea.

Among the speakers who spoke a few words about the program were a student representative of science at Prithvi Narayan Campus, Prof. Dr. Shovakant Lamichhane, Dr. Tank Raj Adhikari, and Dr. Min Pun, Associate Professor of English at Prithvi Narayan Campus.

Closing the program, Dept Head Kishor Kumar Pokharel thanked the scholars from Japan and other participants. The program was hosted by Ramji Gautam, a faculty of Prithvi Narayan Campus and Member Secretary of Zoological Society of Pokhara, Nepal.

.... CONTINUED FROM PAGE 1

Similarly, Bhola Pokharel, Former Member Secretary of University Grants Commission emphasized the importance of autonomy of higher education, saying that Prithvi Narayan Campus should not be reluctant to keep up with the changing scenario and get benefit of autonomy.

Discussing about the topic "World Bank and Higher Education Reform Project in Nepal: Planning and Progress Evaluation," Team Leader of Higher Education Reform Project in Nepal, World Bank, Prof. Dr. Mohan Prasad Aryal said that public financing of higher education has been a priority for a developing country like Nepal. "Prithvi Narayan Campus can get benefit from the world bank financing if the campus is ready to start working on its higher education reform activities," he added.




*World Bank, Higher Education Reform Project Leader Prof. Dr. Mohan Prasad Aryal speaking at the interaction program*

At the same program, Senior Education Expert of World Bank Dr. Rajendra Dhoj Joshi spoke on the importance of higher education in the developmental works of the nation. Economic indicators across the world have shown that higher economic growth rate has been achieved through the channel of higher education, he said. He was assigned to speak on the topic "Higher Education in Today's Context".

Speaking on "TU Higher Education Reform Project and the Context for Autonomy of Higher education," Prof. Shankar Bhandari, Coordinator of Higher Education Reform Project – TU Program, discussed about the TU autonomy rules and regulations and said that TU constituent campuses cannot bring their institutions back on track without academic freedom. "The project is to provide financial supports to maintain the quality of higher education and improve financial sustainability of its institutions".

Similarly, Former Campus Chief Gehendreshwor Koirala of Prithvi Narayan Campus spoke on the academic development of Prithvi Narayan Campus and Dr. Min Pun gave a short presentation on the academic strengths of the campus.

The presentations were followed by the question-answer hour. Among the participants who raised questions were Mahendra P. Sharma, Dr. Bir Bahadur Karki, Durga Sharma, Cholakant Ojha, Dr. Umanath Baral and Khim Raj Subedi.

The program was hosted by Dr. Min Pun who is Associate Professor at the Department of English and Coordinator of QAA/Reform Unit, Prithvi Narayan Campus.

अन्तर्वाता

# पृथ्वीनारायण क्याम्पस जस्तो शैक्षिक संस्थालाई मेरो विचारमा कम्तिमा पनि प्रादेशिक विश्वविद्यालय बनाउनु पर्दछ ।

**– पूर्व क्याम्पस प्रमुख प्रा.डा. दिलबहादुर क्षेत्री**



**प्रा.डा. दिलबहादुर क्षेत्री त्रिभुवन विश्वविद्यालयमा इतिहास विषयका प्राध्यापकका रुपमा विगत ३४ वर्षदेखि अनवरत प्राध्यापन गर्दै आउनु भएको छ । प्राध्यापन लगायत वहाँ वि.सं. २०६०/१०/०९ गतेदेखि २०६४/१०/०८ गतेसम्म पृथ्वीनारायण क्याम्पसमा क्याम्पस प्रमुख पनि हुनुहुन्थ्यो ।**

**वहाँको कार्यकाल अति नै संवेदनशील राजनैतिक तरलता भएको समयमा बिते । जसले गर्दा वहाँले चाहेर पनि क्याम्पसको भौतिक, शैक्षिक र प्रशासनिक सुधार गर्ने उपुक्त वातावरण थिएन । तैपनि त्यस्तो विषम अवस्थामा क्याम्पसको अस्तित्व जोगाउनमा वहाँको ठूलो देन छ र वहाँको पहल सह्राहनीय मान्नुपर्छ ।**

**प्रा.डा. क्षेत्री एक अत्यन्त मिलनसार प्राध्यापकका साथै प्राज्ञिक र प्रशासनिक दुबैमा दक्षता भएका व्यक्तित्व हुनुहुन्छ । बुलेटिनका सम्बाददातासंग भएको कुराकानी तल प्रस्तुत गरिएको छ –**

**बुलेटिनः सरको आफ्नो परिचयबाट शुरू गरौं ।**

**प्रा.डा. क्षेत्रीः** म त्रि.वि. अन्तर्गत पृथ्वीनारायण क्याम्पसमा प्राध्यापनरत इतिहास विषयको प्राध्यापक छु । विश्वविद्यालय प्राध्यापन सेवा ३३ वर्ष पूरा भई ३४ वर्षमा चल्दैछ ।

स्याङ्जा आँधिखोला गाउँपालिका-२ स्थायी निवासी म २०५० सालदेखि पोखरा-लेखनाथ महानगरपालिका-९ नयाँबजारमा बस्दै आएको छु ।

प्राध्यापन सेवाबाहेक म ५१ भन्दा बढी सामाजिक एवं शैक्षिक संघसंस्थामा सल्लाहकार, सदस्य र नेपाल नेत्रज्योति संघको केन्द्रीय सदस्य, नेत्रज्योति संघ, कास्कीको सभापति एवं विगत १० वर्षदेखि हिमालय आंखा अस्पताल व्यवस्थापन समितिको अध्यक्षको हैसियतमा सेवारत छु ।

**बुलेटिनः क्याम्पस प्रमुख भएर यस संस्थाको सेवा गर्ने अवसर पनि प्राप्त भयो । सर क्याम्पस प्रमुख हुँदा के के कुराहरू सम्पन्न गर्नु भयो र के के कुराहरूमा परिवर्तन गरेजस्तो लाग्छ ?**

**प्रा.डा. क्षेत्रीः** म पृथ्वीनारायण क्याम्पसको क्याम्पस प्रमुख हुँदाको समय ज्यादै कठिन थियो । समग्र मुलुक नै राज्यसरकार तथा विद्रोही शक्तिवीचको द्वन्द्वको चपेटामा फँसेको थियो । त्यति बेलाको परिवेश र परिस्थितिमा क्याम्पस प्रशासन सुरक्षित रूपमा चलाउनु, होमिएका विद्यार्थीहरू समेत को सुरक्षा र अवस्थामा अध्ययनरत विद्यार्थी, शिक्षक कर्मचारीहरूको सुरक्षाको लागि अनवरत प्रयत्नशील रहनु परेकाले क्याम्पसको सोचेजति भौतिक शैक्षिक उन्नयन गर्न संयन्त्र रहेन ।

त्यसका बावजूद् पनि मलाई क्याम्पसमा अध्ययनरत एवं भूमिगत राजनीति गर्दै गरेका दुवै थरी विद्यार्थीहरू, प्रशासन, त्रि.वि., नागरिक समाज, प्रहरी तथा सैनिक प्रशासन समेतको विश्वास रहे काले मेरो क्याम्पस प्रमुखको कार्यकालमा क्याम्पस परिसरभित्र बाटो पीच, डिग्री तथा शिक्षा भवनको तला थप, पिउने पानीका लागि डिपबोरिङ, भौतिकशास्त्रमा स्नातकोत्तरको कार्यक्रम, स्नातक तहमा ग्रामीण विकास लगायतका विषयहरूमा नया कार्यक्रम थप भए ।

**बुलेटिनः अनि के के कुराहरू चाहेर पनि गर्न सक्नु भएन ? अनि पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालय बनाउने प्रयास गर्नु भएन वा आवश्यकताको महशुस नै भएन ?**

**प्रा.डा. क्षेत्रीः** मैले क्याम्पसलाई स्वायत्त बनाउन चाहन्थें तर त्यो समयकै कारणले गर्न सकिनँ । क्याम्पसको स्तर उन्नति र क्याम्पसलाई डिम्ड युनिभर्सिटी बनाउन पूर्वाधारमध्ये QAA प्रक्रिया सुरू गर्न सकिएन ।

पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालय बनाउने पहिले देखिको योजना र सोचलाई निरन्तरता दिन सकिनँ । क्याम्पसको तल्लो लेयर को जग्गा क्याम्पसको नाममा ल्याउन योजना पूरा गर्न सकिएन ।

**बुलेटिनः देश संघीयतामा गईसकेको अवस्था छ । अब प्रदेश नम्बर ४ मा पृथ्वीनारायण क्याम्पसको के भूमिका रहन्छ ? अब पनि त्रिवि कै अंगका रूपमा रहनु पर्छ कि अगाडि बढ्ने हो ?**

**प्रा.डा. क्षेत्रीः** अब प्रदेश सरकार निर्माण हुने अवस्था रहेको छ । पृथ्वीनारायण क्याम्पस जस्तो शैक्षिक संस्थालाई मेरो विचारमा कम्तिमा पनि प्रादेशिक विश्वविद्यालय बनाउनु पर्दछ र यस क्षेत्रको शैक्षिक नेतृत्व यही क्याम्पसले लिनु पर्दछ भन्ने मेरो मान्यता छ ।

**पृथ्वीनारायण क्याम्पस जस्तो शैक्षिक संस्थालाई मेरो विचारमा कम्तिमा पनि प्रादेशिक विश्वविद्यालय बनाउनु पर्दछ र यस क्षेत्रको शैक्षिक नेतृत्व यही क्याम्पसले लिनु पर्दछ भन्ने मेरो मान्यता छ ।**

**बुलेटिनः क्याम्पसको समग्र विकासमा क्याम्पस प्रमुखको मुख्य भूमिका रहन्छ । तपाईको अनुभवले क्याम्पस प्रमुख कस्तो हुनुपर्छ जस्तो लाग्छ ?**

**प्रा.डा. क्षेत्रीः** क्याम्पस प्रमुखलाई उसको भिजन (सोच र चिन्तन) विनाअवरोध लागू गर्ने वातावरण बनाउनु पर्दछ । र क्याम्पस प्रमुख नियुक्ति जसरी जुन आस्थाका आधार मा भएपनि क्याम्पस प्रमुख भई सकेपछि आस्था र दलप्रति भन्दापनि आफ्नो दायित्वप्रति प्रतिबद्ध रहन सक्ने हैसियतको हुनुपर्छ ।

**बुलेटिनः अन्तमा, यस क्याम्पसका सर्म्पूण प्राध्यापक, कर्मचारी र विद्यार्थीलाई के सन्देश दिन चाहनु हुन्छ ?**

**प्रा.डा. क्षेत्रीः** एउटै वाक्यमा भन्नु पर्दा यस क्याम्पसमा प्राध्यापनरत प्राध्यापक, कार्यरत कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरू आफ्नो निर्दिष्ट जिम्मेवारी, दायित्व र लक्ष्यप्रति इमान्दारीताका साथ लागी परे क्याम्पस एवं सम्बद्ध पक्ष सबैको कल्याण हुन्छ ।

अन्तर्वार्ता

# परीक्षा नियन्त्रण कार्यालयका सम्पूर्ण कार्यलाई पूर्ण रूपले कम्प्युटराइज्ड गर्नुपर्छ र शैक्षिक क्यालेण्डरलाई प्रभावकारी रूपमा लागू गरिनुपर्छ ।

## – पूर्व परीक्षा नियन्त्रक सह-प्राध्यापक केशबराज बाँस्तोला

**सह-प्राध्यापक केशवराज बाँस्तोला पृथ्वीनारायण क्याम्पसमा भूगोल विषयमा प्राध्यापन गर्नु हुन्छ । त्रिभुवन विश्वविद्यालयबाट सिधै स्थायी नियुक्ति भई मिति २०४९ साल माघ ३३ गतेदेखि यसै क्याम्पसबाट प्राध्यापन कार्य सुरू गरी मिति २०६६ चैत्र ९ देखि २०७० जेष्ठ १ गतेसम्म यस क्याम्पसमा सहायक क्याम्पस प्रमुख भई ३ वर्ष कार्यरत हुनुहुन्थ्यो ।**

**मिति २०७० जेष्ठ २ देखि २०७४ जेष्ठ १ गतेसम्म ४ वर्ष त्रिभुवन विश्व विद्यालयको परीक्षा नियन्त्रक भई कार्य गर्नु भएको थियो । वहाँले सो अवधिमा त्रि.वि. का सबै अध्ययन संस्थान र संकायका विद्यापरिषदमा सदस्य, प्राज्ञिक परिषदको सदस्य र उच्च मा. वि., एस.एल.सी. र प्रविधि र व्यवसायिक तालिम परिषदको परीक्षा बोर्डहरूमा सदस्य भई ४ वर्ष कार्य गर्ने अवसर समेत प्राप्त गर्नु भएको थियो । बुलेटिनका सम्बाददातासंग भएको कुराकानी तल प्रस्तुत गरिएको छ -**



**बुलेटिन: केशव सरको छोटो परिचय दिनु होस् ।**

**पूर्व नियन्त्रक बाँस्तोला:** मेरो जन्म २०१५ साल मंसीर ३ गते हालको पोखरा लेखनाथ महानगर पालिका वडा नं. ३२ मालमुल भन्ने स्थानमा भएको हो । म भूगोल विषयको सह-प्राध्यापक हुँ । मेरो भूगोल विषयमा उच्च शिक्षाका सबै तहहरू त्रिभुवन विश्वविद्यालयबाट सम्पन्न भए र मैले भौगोलिक सूचना प्रणाली विषयमा नेदरल्याण्डबाट स्नातक तह पूरा गरेको छु ।

**बुलेटिन: त्रिभुवन विश्वविद्यालयको प्राध्यापन सेवामा लामो अनुभव छ। सहायक क्याम्पस प्रमुख भएर काम गरेको प्रशासनिक अनुभव समेत छ । सुधार गर्नुपर्ने केही छन् ? सरको अनुभवले के भन्छ ?**

**पूर्व नियन्त्रक बाँस्तोला:** सहायक क्याम्पस प्रमुखको हैसियतले भन्नुपर्दा यस क्याम्पसमा नियमित कक्षा, शैक्षिक प्रशासन र परीक्षा सञ्चालन आदि कार्यहरू हेर्नुपर्ने हुँदा धेरै विद्यार्थी संख्या, सीमित कक्षा कोठा, धेरै शैक्षिक कार्यक्रमहरू, आंशिक प्राध्यापकहरूबाट धेरै कक्षा सञ्चालन र थोरै कर्मचारी संख्या भएका कारण कार्य सम्पादन गर्न कठिनाई छन् । यसलाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रर्याप्त भौतिक पूर्वाधारहरू, पूर्णकालीन प्राध्यापकहरू र प्रर्याप्त कर्मचारीहरूको व्यवस्थापन गर्नु जरूरी छ ।

**बुलेटिन: त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय जस्तो अति नै संवेदनशील र महत्वपूर्ण अंगको नेतृत्व समेत गरिसक्नु भयो । यो कार्याकालमा के के कुरोमा परिवर्तन ल्याउनु भयो ?**

**पूर्व नियन्त्रक बाँस्तोला:** म परीक्षा नियन्त्रकका रूपमा नियुक्ति हँदा विविध कारणले एकातिर स्नातक तहका परीक्षाहरू १ वर्ष र स्नातकोत्तर तहका परीक्षाहरू २ वर्ष ढिलो गरी सञ्चालन भई रहेको अवस्था थियो भने अर्कोतिर विद्यार्थी भर्ना भएको मितिले १६/१७ महिनासम्म पनि परीक्षा सञ्चालन नभएको अवस्था थियो । मेरो वहालीपछि एकै वर्षमा एउटै तहका परीक्षाहरू दुई/दुई पटक सञ्चालन गरेर पनि शैक्षिक क्यालेन्डर नियमित अवस्थामा ल्याईयो । त्यस्तै ढिलो गरी सञ्चालन भई रहेका परीक्षाहरूलाई पनि विद्यार्थी भर्ना भएको मितिले १० महिनाभित्रमा परीक्षा सञ्चालन गर्ने पद्धति स्थापित गरियो । विद्यार्थीहरूको परीक्षा दिएको मितिले १ वर्षसम्म पनि नतिजा प्रकाशन हुन नसकेको तत्कालीन अवस्थामा सुधार ल्याई ५ महिना भित्रमा नतिजा प्रकाशन गर्न सक्षम भयौं ।

नतिजा प्रकाशन भएको महिनौं दिनसम्म पनि विद्यार्थीले आफ्नो प्राप्ताङ्क हेर्न नपाउने अवस्थालाई सुधार गरी नतिजा प्रकाशन कै दिन मोवाइलबाट प्राप्ताङ्क हेर्न पाउने व्यवस्था गरियो । प्रमाण-पत्र र ट्रान्सक्रिप्ट वितरण कार्य पनि सरल र प्रभावकारी बनायौं । विद्यार्थीहरूको रजिष्ट्रेशन र परीक्षा फर्म केन्द्रबाट मात्र एन्ट्री हुँदै आएको र काममा ढिलाइ भएको हुँदा उक्त कार्यहरू प.नि.का.का क्षेत्रिय कार्यालयहरू मार्फत सञ्चालन गर्ने सुरूवात भयो । जसका लागि कर्मचारीहरू र भवनको व्यवस्थापन गरियो ।

परीक्षा नियन्त्रण कार्यालयलाई पूर्ण रूपले कम्प्यटराइज्ड गर्नुपर्छ र शैक्षिक क्यालेन्डर प्रभावकारी रूपमा लागू गरिनुपर्छ जसले विश्वविद्यालयको गरिमालाई उँचो राख्ने छ ।

**बुलेटिन: देश संघीयतामा गईसकेको अवस्था छ । त्रिभुवन विश्वविद्यालयले परीक्षा प्रणालीको सुधार गर्न संघीय अवधारणामा कसरी लान सक्ला ?**

**पूर्व नियन्त्रक बाँस्तोला:** त्रिभुवन विश्वविद्यालय केन्द्रीय विश्वविद्यालय भएको हुनाले यसको हालको संरचनाले संघीयतामा जान सक्दैन । परीक्षा नियन्त्रण कार्यालयका केही कामहरू वाहेक संघीय प्रदेशमा कार्यालयहरू स्थापना गरेर यसको काममा छिटो, छरिटो र प्रभावकारी बनाउन सकिन्छ ।

**बुलेटिन: नेपालको उच्च शिक्षालाई अन्तर्राष्ट्रिय बजारोन्मुख बनाउन विशेषगरि त्रिभुवन विश्वविद्यालयको ६० आंगिक क्याम्पस र १ हजार भन्दा बढी सम्बन्धनप्राप्त क्याम्पसहरूमा भएका विद्यार्थीहरूको मूल्यांकनबाट सम्भव होला ?**

**पूर्व नियन्त्रक बाँस्तोला:** त्रि.वि. स्वायत्ततासम्बन्धी नियमले प्रमाण-पत्रहरूको प्रमाणीकरण र अभिलेखीकरण वाहेक सबै अधिकार स्वायत्ततामा गएका क्याम्पसहरूलाई प्रत्यायोजन गरेको छ । यसको उत्पादनलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन सम्बद्ध सबै पक्ष प्रभावकारी रूपमा लागेमा परीक्षा नियन्त्रण कार्यालयबाट गरिने माथिका दुई कार्यहरू वाहेक अन्य सबै कार्यहरू क्याम्पसबाट सञ्चालन गर्न सकिने छ ।

**बुलेटिन: छोटकरीमा भन्नुस् अब फेरी पनि परीक्षा नियन्त्रक हुने अवसर प्राप्त भएमा कसरी अघि बढ्नु हुन्छ ?**

**पूर्व नियन्त्रक बाँस्तोला:** परीक्षा नियन्त्रण कार्यालयको प्रमुख कार्य भनेकै शैक्षिक क्यालेण्डर चुस्त, दुरूस्त र प्रभावकारी बनाउनुका साथै यसबाट प्रवाह गरिने सेवा छिटो छरिटो बनाउने हो । यसका लागि आन्तरिक कार्य प्रभावकारी रूपमा व्यवस्थापन गर्न जरूरी छ । यिनै कार्यहरूमा प्रयत्नशील र क्रियाशील हुनु पर्दछ ।

# QAA र नेपालको उच्च शिक्षामा सुधारका प्रयास

डा. मीन पुन

गुणस्तर सुनिश्चितता (Quality Assurance) वा गुणस्तर नियन्त्रण (Quality Control) वस्तुको उत्पादन तथा सेवासंग जोडिएका शब्दावली हुन् । यी शब्दावलीहरू ISO ९००० ले वस्तुको गुणस्तर मापन गर्ने क्रममा प्रयोगमा ल्याइएका शब्दावलीहरू हुन् जसको अर्थ हुन्छ वस्तुको गल्ती अथवा दोषरहित उत्पादन गरि आफ्ना ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्ने। यसलाई उत्पादन गरिने देशको सरकार, सरकारद्वारा गठित कुनै अंग, उत्पादकहरूको संगठन वा ग्राहकहरूको संगठनमार्फत उपभोग गरिने वस्तुको गुणस्तरको सुनिश्चितता र मापन गर्नु हो।

सन् १९९० को दशकदेखि भएको विश्वव्यापीकरण र उदारीकरणको गतिविधिसंगै उच्च शिक्षामा ठूलो परिवर्तन आयो । यो परिवर्तनसंगै गुणस्तरको मापन हामीले उपभोग गरिने वस्तुमा मात्र सीमित राखेको छैनौं । हरेक देशमा भएका उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू अन्तरार्ष्ट्रिय प्रतिस्पर्धा गर्न वाध्य भए । त्यसैले अहिलेको विश्वविद्यालयहरू अन्तरार्ष्ट्रिय बजारसंग जोडिएका छन् । जुन विश्वविद्यालयहरू अन्तरार्ष्ट्रिय बजारसंग जोडिएका छन् तिनीहरूको अस्तित्व छ भनिन्छ अन्यथा नजोडिएका त्यस्ता संस्थाहरू स्वतः अस्तित्वहीन हुदै समाप्तितिर उन्मुख हुने प्रक्रिया हो।

### अन्तरार्ष्ट्रिय अभ्यास

उच्च शिक्षामा गुणस्तरीयताको मापन एवं सुनिश्चितताको बहस सन् १९९० को दशकबाट नै सुरुवात भएको देखिन्छ । यसको बहससंगै यसको अभ्यास सर्वप्रथम International Network for Quality Assurance Agencies in Higher Education (INQAAHE) नामक यूरोपियन विश्वविद्यालयहरूको साझा संगठनबाट सन् १९९१ मा सुरू भएर विभिन्न यूरोपियनका साथै पश्चिमा देशहरूमा भएको हो । सन् १९९२ मा अस्ट्रेलियाको सरकारद्वारा गठित Quality Assurance Program (QAP) लाई एक मान्न सकिन्छ । QAP ले अस्ट्रेलियन विश्वविद्यालयहरूको गुणस्तर मापनका साथै पूर्ण नियन्त्रण गरेको पाईन्छ । त्यस्तै सन् १९९४ मा कोरियामा Korean Council for University Education (KCUE) र भारतमा विश्वविद्यालय अनुदान आयोगअन्तर्गत रहेको National Assessment and Accreditation Council (NAAC) ले ती देशका उच्च शिक्षालाई कडाईका साथ गुणस्तर कायम गराउन पहल गर्ने गरेको छ । बंगलादेशमा पनि विश्वविद्यालय अनुदान आयोगमार्फत् उच्च शिक्षामा गुणस्तरीयता ल्याउन प्रयास गर्दछ।

UK सरकारले पनि सन् १९९७ देखि Quality Assurance Agency (QAA) ले उच्च शिक्षाको गुणस्तरसम्बन्धी मामला हेर्ने गर्दछ। केही वर्षअघि UK मा भएका केही कलेजहरू कार्यवाहीमा परि लाइसेन्स खोसिएको घटना ताजै छ।

उच्च शिक्षामा गुणस्तरीयतासम्बन्धी अर्को महत्वपूर्ण प्रयासको रूपमा सन् १९९९ को Bolonga Decalaration लाई लिन सकिन्छ । यो युरोपियन विश्वविद्यालयहरूले प्रदान गर्ने उच्च शिक्षालाई प्रतिस्पर्धी बनाउनु पर्छ भन्ने मान्यतामा आधारित थियो जसअनुसार शिक्षामा गुणस्तरीयता र विश्वव्यापीकरण जस्ता गुणहरू आवश्यक थिए।

यिनै अन्तरार्ष्ट्रिय सन्दर्भलाई मनन गरि नेपालमा सन् १९९० को राजनैतिक परिवर्तनसंगै तत्कालीन सरकारले सन् १९९३ मा विश्वविद्यालय अनुदान आयोगको गठन गरि नेपालको उच्च शिक्षाको मापन र सुधारका प्रयास भएका छन् । यिनैमध्ये विश्व बैंकको सहयोगमा सन् १९९७ देखि सन् २००२ सम्म पहिलो र सन् २००७ देखि सन् २०१४ सम्म दोस्रो उच्च शिक्षा सुधार परियो जना सम्पन्न भईसकेको छ भने तेस्रो उच्च शिक्षा सुधार परियोजना सन् २०१४ मा सुरू भई सन् २०२० मा सम्पन्न हुनेछ।

### QAA के हो ?

विश्वविद्यालय अनुदान आयोगले गठन गरेको QAA Division द्वारा नेपालमा भएका उच्च शैक्षिक संस्थाहरूमा गुणस्तर कायम र सुधार प्रक्रिया गराई गुणस्तर को प्रमाण-पत्र प्रदान गर्ने प्रक्रिया नै QAA हो। QAA को विस्तृत रूप अंग्रेजीमा Quality Assurance and Accreditation र नेपालीमा "गुणस्तर सुनिश्चितता एवं प्रत्यायन (प्रमाणीकरण)" हो । यसको अर्थ हुन्छ - विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षासम्बन्धी गुणस्तरको मापदण्ड पूरा गरि नेपालमा भएका उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू जस्तै सरकारी, सार्वजनिक वा निजी विश्वविद्यालय, क्याम्पस-कलेज वा समान अवस्थाका शैक्षिक संस्थाहरूले विश्वविद्यालय अनुदान आयोगद्वारा प्राप्त गरिने गुणस्तरको प्रमाण-पत्र लाई QAA भनिन्छ।

गुणस्तर मापन गर्ने संयन्त्र विभिन्न क्षेत्रमा विभिन्न प्रकारका अभ्यासहरू भएका छन् । जस्तो कि नेपाल मेडिकल काउन्सिल, नेपाल इन्जिनियरीङ काउन्सिल, नेपाल नर्सिङ काउन्सिल, नेपाल आयुर्वेद मेडिकल काउन्सिल, नेपाल हेल्थ प्रोफेस्नल काउन्सिल, नेपाल भेटनेरी काउन्सिल, नेपाल वार काउन्सिल, र नेपाल फार्मेसी काउन्सिललाई लिन सकिन्छ । नेपालमा रहेका त्यस क्षेत्रसंग सम्बन्धित यी संस्थाहरू र तिनका कार्यक्रमहरूलाई निश्चित मापदण्डका आधारमा गुणस्तरीयताको प्रमाण-पत्र दिने गर्दछ।

> **जुन विश्वविद्यालयहरू अन्तरार्ष्ट्रिय बजारसंग जोडिएका छन् तिनीहरूको अस्तित्व छ भनिन्छ अन्यथा नजोडिएका त्यस्ता संस्थाहरू स्वत: अस्तित्वहीन हुदै समाप्तीतिर उन्मुख हुनेछन्।**

### QAA का उद्देश्यहरू

उच्च शैक्षिक संस्थाहरू QAA को प्रक्रियामा जानका मुख्य उद्देश्यहरू निम्न प्रकारका छन्।

१) संस्थाको शैक्षिक गुणस्तर कायम गराउने संयन्त्र बन्ने।
२) संस्था र आफूले प्रदान गर्ने शैक्षिक कार्यक्रमहरूको गुणस्तरीयताको प्रमाण दिनु।
३) संस्थालाई विश्व बजारमा चिनाउनु र विश्वका अन्य उच्च शैक्षिक संस्थाहरूसंग समदूरीता कायम गर्नु।
४) संस्थाले आफूसंग भएका सबल र कमजोर पक्षको मूल्यांकनका साथै अवसरको पहिचान गर्न सक्नु।
५) संस्थाका तर्फबाट देशको उच्च शिक्षामा विकास गर्नुका साथै देशको समग्र विकासमा टेवा दिनु।

### QAA प्राप्त गर्ने प्रक्रिया

उच्च शिक्षा प्रदान गर्ने नेपाली संस्थाहरूले QAA प्रक्रियामा गई गुणस्तरको प्रमाण-पत्र लिन चाहेमा सर्वप्रथम विश्वविद्यालय अनुदान आयोगमा निवेदन दिनु पर्छ। निवेदनका आधारमा QAA प्रक्रियामा जान संस्थाले मापदण्ड पूरा गर्नुपर्ने हुन्छ । यदि विश्वविद्यालय अनुदान आयोगले संस्थाको योग्यता पुगेमा QAA प्रक्रियामा जाने स्वीकृति (Letter of Intent) प्रदान गर्दछ।

QAA प्रक्रियामा जाने स्वीकृति (LoI) पाई सके का संस्थाले दोस्रो चरणमा प्रवेश गरि स्व-अध्ययन प्रतिवेदन (Self-Study Report), जसलाई छोटकरीमा SSR भनिन्छ, का लागि अध्ययन गरि प्रतिवेदनका साथ फाराम भरि विश्वविद्यालय अनुदान आयोगमा बुझाउनु पर्छ।

तत्पश्चात् विश्वविद्यालय अनुदान आयोगले विज्ञहरूको एक मूल्यांकन टोली (Peer-Review Team) जसलाई PRT पनि भनिन्छ खटाउछ र QAA प्राप्त गर्न चाहने संस्थाले बुझाएको प्रतिवेदनको आधारमा सो संस्थाको भ्रमण गरि प्रतिवेदन अनुसार संस्थाको प्रमाणिकरण गर्दछ । तत्पश्चात् सो टोलीका सदस्यहरूले छुट्टाछुट्टै सिफारिस पत्र तयार गरि आयोगमा बुझाउछन्।

अन्तमा विश्वविद्यालय अनुदान आयोगले खटाएको विज्ञहरूको मूल्यांकन टोलीको सिफारिसको आधारमा आयोगको बैठकले QAA प्राप्त गर्न चाहने संस्थालाई QAA को प्रमाण-पत्र प्रदान गर्नसक्छ।

### QAA का मापदण्डहरू

विश्वविद्यालय अनुदान आयोगले QAA को प्रक्रियामा जान चाहने उच्च शैक्षिक संस्थाहरूलाई निम्न प्रकारका ८ वटा आधारहरूलाई मापदण्ड बनाई QAA को प्रमाण-पत्र प्रदान गर्दछ।

१) नीति नियमहरू (Policy and Procedures)
२) पाठ्यक्रमसम्बन्धी पक्ष (Curricular Aspects)
३) पढाइ सिकाई र मूल्यांकन प्रणाली (Teaching Learning and Evaluation System)

(बाँकी अंश पृष्ठ ९ मा हेर्नुहोला......)

# How Good Is the Semester System?

**Than Bahadur Chhetri**

In any society, education plays an essential role in modernizing the society, developing the nation and sustaining democracy in the globalized world. In the case of Prithvi Narayan Campus, since its inception, the campus has been producing qualified manpower for both national and international markets. According to the new policy of Tribhuvan University in restructuring its teaching pedagogy, all its constituent and affiliated campuses across the country have to introduce semester system in all master's programs starting this year, which is assumed to improve the quality of higher education. Since the existing annual system failed to produce graduates of international standard, the implementation of the semester system in all master's programs will bring back its long history of producing qualified graduates.

In order to adopt the semester system for its system of education, the campus has to have capable administration that is an integral part of the system. A capable administration handles the mass of students, provides numerous services to the students and maintains institutional supports. So in order to run any academic program effectively, there should be effective management of administration.

While facilitating its students, the campus has to maintain and abide by democratic values. Thus, the success of the semester system, the campus administration should be up-to-date and ready to facilitate learning by making the educational process easier for students. In sum, we are living in the 21st century, so it demands good governance and quality education in order to compete in global markets in gaining access to the mainstream.

Teachers and administrators need to work together to create a good culture in the workplace, affecting their attitude and behavior by maintaining good governance and quality education. Here, they need to have accountability that is a key requirement of good governance. For instance, the campus has more than 600 teaching and non-teaching staff in support of more than 9 thousand students. Together, they are working to achieve the goals of the campus. They should work hard to address the challenges of satisfying students and competing in the international markets.

Recently, the Department of Political Science at Prithvi Narayan Campus has taken initiative to interact with teaching and non-teaching staff and students as well to discuss on the implementation of the semester system successfully. During the interaction, a few argued that the existing administrative culture is more appropriate to the older and more traditional set of government administration, continuing the legacy of the past regime. As F.W. Taylor suggests, duplication of work is common; administrative staff blame each other instead of establishing common understanding. Thus, modern management technique, as developed by Taylor, is only in paper, not in action. It not only undermines the goals of the university, but also violates the constitutional rights.

In conclusion, one way of building trust in the campus is strengthening administrative culture, improving operational efficiency and streaming the outdated process or restructuring the management practices. Only good administrators can strengthen good governance and quality education, and most importantly can protect the students' right to have good education. Not only this, strong leadership with sound vision and excellent administrative support can achieve the desired goals of the university.

Good administrative practice can be attained when people on the job get adequate technological training, good working environment with good knowledge of rules and regulations of the institution. In a changed political context in Nepal, first and foremost, the campus needs to have necessary administrative reform. In doing so, the success of the semester system depends on how we look at things, and not on how this are in themselves.

*(The author is Associate Professor at the Department of Political Science, PNC.)*

---

(...... **पृष्ठ ८ को बाँकी अंश**)

४) अनुसन्धान, परामर्श र विस्तार (Research, Consultancy and Extension)
५) भौतिक पूर्वाधार र सिकाईका स्रोतहरू (Infrastructure and Learning Resources)
६) विद्यार्थी हित र दिशानिर्देश (Students Support and Guidance)
७) सूचना प्रणाली (Information Systems)
८) सार्वजनिक सूचना (Public Information)

QAA को प्रक्रियामा जान चाहने उच्च शैक्षिक संस्थाहरू यी माथिका आधारहरूलाई सुधार गरि उच्च शिक्षाको समग्र विकास र सबलीकरणको कार्यमा जुट्नु पर्छ ।

**QAA प्राप्त गरेपछिका फाईदाहरू**

शैक्षिक संस्थाहरू जो QAA को प्रक्रियामा गई उच्च शिक्षामा विश्वविद्यालय अनुदान आयोगको गुणस्तरको प्रमाण-पत्र प्राप्त गर्न सफल हुन्छन् ती संस्थाहरूले विशेष गरि ३ किसिमका फाईदाहरू लिन सक्छन् ।

१) QAA को प्रमाण-पत्र प्राप्त गरेका संस्थाले चलाएको शैक्षिक कार्यक्रमहरूमा भर्ना भएका विद्यार्थीहरूका साथै भर्ना हुन आएका विद्यार्थीहरूमा सुनिश्चितता आउने ।
२) QAA को प्रमाण-पत्र प्राप्त गरेका संस्थाका प्राध्यापक तथा विद्यार्थीहरूको गतिशीलता बढ्नेछ किनकि QAA को प्रमाण-पत्र नै देश विदेशका अन्य उच्च शैक्षिक संस्थाहरूमा QAA को प्रमाण-पत्र प्राप्त गरेका संस्थाका प्राध्यापक तथा विद्यार्थीहरूको स्वीकार्यताको पहिलो प्रमाण हो ।
३) QAA को प्रमाण-पत्र प्राप्त गरेका संस्थाका शैक्षिक कार्यक्रमहरूले देश विदेशका अन्य उच्च शैक्षिक संस्थाहरूमा मान्यता प्राप्त गर्नु हो । यसले QAA को प्रमाण-पत्र प्राप्त गरेका संस्थाका प्राध्यापक तथा विद्यार्थीहरूको गतिशीलतालाई बढाउँछ ।

**अन्तमा**

विश्वविद्यालय अनुदान आयोगको हालैको बैठकले नेपालमा भएका संपूर्ण उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू अबको ५ वर्षभित्र QAA को प्रक्रियामा जानुपर्ने वाध्यात्मक निर्देशन दिईसकेको छ । जसअनुसार प्रक्रियामा नगई आफूलाई सुधार नगर्ने संस्थाहरू कारवाहीमा पर्नेछन् । यसबाट के स्पष्ट हुन्छ भने नेपालमा भएका हरेक उच्च शैक्षिक संस्था आफूले प्रदान गर्ने उच्च शिक्षामा सुधार ल्याई गुणस्तरीय बनाउदै अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुने खालको बनाउन जरूरी छ ।

त्यसका लागि हरेक नेपाली उच्च शैक्षिक संस्थाहरूले आफूलाई समयसापेक्ष बनाउदै पुरानो धर्राबाट बाहिर निस्किई प्रविधि र नयाँ सिकाई विधिको उपयोग गर्दै परिवर्तित हुन जरूरी छ । समयसापेक्ष परिवर्तन आफू र आउँदो पिँढीका लागि हितकर हुन्छ । र उच्च शैक्षिक संस्थाहरूले उत्पादन गरेका जनशक्तिलाई देशको समग्र विकास गर्नमा समेत उपयोगी हुनेछ ।

(लेखक QAA/Reform Unit, पृथ्वीनारायण क्याम्पस, पोखराका संयोजक हुनुका साथै अंग्रेजी विभागमा सह-प्राध्यापक हुनुहुन्छ ।)

# पृथ्वीनारायण विश्वविद्यालय बन्नमा अब कसैले रोक्न नसक्ने

त्रि.वि.-पृ.ना.क्या., पुस ४ - पृथ्वीनारायण क्याम्पस र त्रि.वि. उच्च शिक्षा सुधार परियोजनाको संयुक्त आयोजनामा "परिवर्तित सन्दर्भमा उच्च शिक्षाको स्वायत्तता : पृ.ना. क्याम्पसका लागि अवसर र चुनौतीहरू" विषयक एक अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न भयो।

क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाको अध्यक्ष्यता मा भएको सो कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव प्रा.डा. देवराज अधिकारी र पूर्व सदस्य सचिव भोला पोखरेल, त्रि.वि. उच्च शिक्षा सुधार परियोजनाका संयोजक प्राध्यापक शंकर भण्डारी का साथै वर्ल्ड बैंकका शिक्षाविद्हरू प्रा.डा. मोहनप्रसाद अर्याल र डा. राजेन्द्रध्वज जोशीको विशेष उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो।

उच्च शिक्षामा गुणस्तर ल्याउन विश्वविद्यालय अनुदान आयोगको भूमिकाबारे बोल्दै आयोगका सदस्य सचिव प्रा.डा. अधिकारीले नेपालको परिवर्तित सन्दर्भमा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू पनि परिवर्तित हुन जरूरी भएको विचार व्यक्त गर्नुभयो। उच्च शिक्षामा उत्कृष्टता उपलब्ध गर्न स्वायत्तता आवश्यक छ, वहाँले भन्नुभयो।

नेपालको उच्च शिक्षा सुधारमा वर्ल्ड बैंकको भूमिकाबारे आफ्नो विचार व्यक्त गर्ने क्रममा सो बैंकका उच्च शिक्षासम्बन्धी मामला हेर्ने प्रतिनिधि प्रा.डा. मोहनप्रसाद अर्यालले नेपालजस्तो विकासोन्मुख मुलुकका लागि बैंकको उच्च शिक्षामा लगानी आवश्यक छ भन्नुभयो। वहाँले अगाडी भन्नुभयो – "पृथ्वीनारायण क्याम्पसले आफूलाई सुधार गर्न चाहेमा बैंक लगानी गर्न सधैं तयार छ।"

सोही बैंकका अर्का शिक्षाविद् डा. राजेन्द्रध्वज जोशीले हरेक देशको विकासका लागि उच्च शिक्षाको महत्वबारे बोल्नु भएको थियो। "विश्वका हरेक देशमा उच्च शिक्षाको विकाससँगै आर्थिक विकास पनि भएको कुरा तथ्य हो," वहाँको भनाई थियो।

उच्च शिक्षाको स्वायत्ततामा त्रि.वि. उच्च शिक्षा सुधार परियोजनाको भूमिकाबारे बोल्दै सो परियोजनाका संयोजक प्राध्यापक भण्डारीले नेपालको बदलिँदो परिवेशमा पृथ्वीनारायण क्याम्पसले स्वायत्तताको फाईदा लिदै यस संस्थालाई विश्वविद्यालयमा परिवर्तित गर्नुपर्ने सुझाव दिनुभयो। वहाँले अगाडी थप्नुभयो – "पृथ्वीनारायण क्याम्पसले यस कार्यमा ढिलाई गरेमा प्रदेश नं. ४ को उच्च शिक्षामा आफ्नो अग्रणी भूमिकाबाट स्खलित हुनुपर्ने छ।"

पृथ्वीनारायण क्याम्पसमा प्राज्ञिक उन्नयनका प्रयासहरू भन्ने शिर्षकमा बोल्दै यसै क्याम्पसका पूर्व क्याम्पस प्रमुख गेहेन्द्रेश्वर कोइरालाले पचासको दशकदेखि यस क्याम्पसलाई विश्वविद्यालय बनाउने प्रयास भएतापनि सो हुन नसकेकोमा दुखः व्यक्त गर्नुभयो। "ढिला नगरी क्याम्पसलाई स्वायत्त बनाउदै विश्वविद्यालयमा परिवर्तन गर्नु पर्छ," वहाँले भन्नुभयो।

सोही क्याम्पसका अर्का वक्ता सह-प्राध्यापक डा. मीन पुनले पृथ्वीनारायण क्याम्पसलाई विश्वविद्यालयमा बनाउन आनाकानी गर्न नहुने र अब कसैले रोक्न पनि नसक्ने विचार व्यक्त गर्दै नेपालमा संघियता राज्यको अवधारणा र त्यसको कार्यान्वयनसँगै सबै चिज सोही अनुरूप परिवर्तन हुन्छ भन्ने तथ्य बुझ्नु पर्छ भन्नुभयो।

उक्त अन्तर्क्रियात्मक कार्यक्रममा सोही क्याम्पसका करीब ६० जना प्रशासनिक पदाधिकारी र प्राध्यापकहरूको सहभागिता रहेको थियो।

# फिजिक्स रिसर्च इनिसियटिभ, पोखराको स्मार्ट प्रविधिसम्बन्धी बहस

त्रि.वि.-पृ.ना.क्या., पुस १४ - पृथ्वीनारायण क्याम्पसअन्तर्गत विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा पोखरा फिजिक्स रिसर्च इनिसियटिभ र पोखरा प्राणीशास्त्रीय समाजको संयुक्त आयोजनामा सूचना प्रविधिको प्रयोगबारे वाकानाई होकुसेइ गाकुइन विश्वविद्यालयका प्राध्यापक डा. विष्णुप्रसाद गौतम र मोरुरन इन्टिच्यूट अफ् टेक्नोलोजीका प्राध्यापक डा. काजुहिको सातोले आफ्ना प्रस्तुतीकरण दिनुभएको थियो।

प्रा.डा. गौतमले परम्परागत प्रविधिमा आधुनिक प्रविधिको प्रयोगबारे प्रस्तुतीकरण दिदैनेपालको आर्थिक विकास गर्न प्रविधिको प्रयोग गर्नुपर्ने सुझाव दिनुभएको थियो। वहाँले नेपाल परापूर्वकालदेखि प्रविधिमा अगाडि भएतापनि आधुनिक प्रविधिको उचित प्रयोग गर्न नसकेको विचार व्यक्त गर्नुभयो।

त्यसैगरी प्रा.डा. सातोले सामूहिक इ-लर्निङ प्रणालीबारे प्रस्तुतीकरण दिने क्रममा नेपाल र जापानका विद्यार्थीहरूका वीच आधुनिक प्रविधि प्रयोग गरी आ-आफ्ना देशका ज्ञान र संस्कृतिको आदानप्रदान गर्न सकिने विचार व्यक्त गनुभयो।

कार्यक्रममा एमएससी फिजिक्स र वीएससी सीएसआईटीका विद्यार्थीहरू तथा प्राध्यापकहरूको उपस्थिति रहेको थियो भने कार्यक्रमको उद्घोषण तथा सहजकर्ताको भूमिका पोखरा फिजिक्स रिसर्च इनिसियटिभका संयोजक डा. कपिल अधिकारीले पूरा गर्नु भएको थियो।

# Founder Instructor of College of Education Felicitated

TU-PNC, 1 Jan. 2018 – A felicitation ceremony was organized on 1 January 2018 to honor Prof. Sarbagyabhakta Malla. The ceremony was chaired by Campus Chief Prof. Dr. Chandra Bahadur Thapa and attended by Prof. Malla as chief guest.

Prof. Malla was the founder instructor of the College of Eduction (COE) at the then Prithvi Narayan Inter-College who got his first appointment on 22 August 1960 (7 Bhadra 2017 BS). He was the senior instructor in the Normal School for 2 years, which was the teacher training center under the COE that was established in 1956. After four years of the establishment of the COE, Prithvi Narayan Inter-College was founded on 1 September 1960, starting with 2 teachers and 13 students in Nadipur. George John was the first Principal of the inter-college.

In 1963, Prof. Malla again came back to Pokhara from Kathmandu and served as Head of the Primary Teacher Training Center (PTTC) for 6 years. During his second term in Pokhara, he built COE building, staff quarters and students' hostels in financial collaboration of the then Nepal Government and the USA.

He also ran laboratory school in Pokhara to provide practical training for his interns. Interestingly, he used to bring rice from Kathmandu in order to feed his staff and students.

Unfolding the history of Prithvi Narayan Campus, Prof. Malla felt regret and showed his dissatisfaction over his unfulfilled dreams of making Tribhuvan University as a good university. He blamed the university teachers for involving in politics rather than engaging in academic activities. He also suggested that university teachers should give more attention towards quality than quantity of education.

Prof. Malla is now 83 and had also served as Dean of the Faculty of Education at Tribhuvan University, Kirtipur. He also handed over a few copies of his own life story to the Western Regional Library and distributed specimen copies to the participants at the ceremony.

Speaking as the chairperson, Campus Chief Thapa praised Prof. Malla for his contribution to the establishment and development of the campus. He said that we should not forget the history and should not ignore those who have contributed to the development of the campus.

Prof. Malla was felicitated by Assistant Campus Chief Prof. Tara Khanal, Assistant Campus Chief Upendra Poudel, Assistant Campus Chief Basanta Parajuli, Coordinator Chola Kanta Ojha and Dept Head Prof. Tirtha Aryal.

Welcome speech was delivered by Assistant Campus Chief Hom Nath Poudel and the program was hosted by Shree Krishna Panthee.

## त्रिभुवन विश्वविद्यालयबाट अवकाश प्राप्त गर्ने पृथ्वीनारायण क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरू

त्रि.वि.-पृ.ना.क्या., फागुन २ – त्रिभुवन विश्वविद्यालयबाट २०७४ भाद्र १८ देखि २०७४ फागुन ०२ सम्म अवकाश प्राप्त गर्ने पृथ्वीनारायण क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरूको नामावली यसप्रकार रहेको छ -

| अवकाश प्राप्त गर्ने प्राध्यापकहरूको नामावली | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम | सेवाअवधि | अवकाशको कारण |
| १ | प्राध्यापक | तारानाथ बराल | २०३६/०८/०६ - २०७४/०७/२० | अनिवार्य अवकाश |
| २. | प्राध्यापक | राजेन्द्रप्रसाद तिवारी | २०४५/०३/३१ - २०७४/०८/२९ | अनिवार्य अवकाश |
| ३ | सहप्राध्यापक | हरिकुमार ओझा | २०४२/०५/३० - २०७४/०७/०४ | राजीनामा |
| ४ | सहप्राध्यापक | डिल्लीराम शर्मा सुवेदी | २०४७/०९/२५ - २०७४/१०/०१ | राजीनामा |

| अवकाश प्राप्त गर्ने कर्मचारीहरूको नामावली | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम | सेवाअवधि | अवकाशको कारण |
| १ | दक्ष कुचिकार | पुतली पोडेनी | २०३६/०२/२० - २०७३/०८/२९ | राजीनामा |

## Seminar/Workshop on Myths and Folklores

TU-PNC, 20 Jan. 2018 – The 2nd year students of MA (English) organized the one-day "Seminar/Workshop on Myths and Folklores" in Lakeside on 20 January 2018.

In the program, altogether 8 papers were presented by senior and ongoing 2nd year students on topics related to myths and folklores. Dilu Gurung, a 2015 batch MA student, and Agni Timilsina, a 2016 batch student, were among the paper presenters in the seminar.

The ongoing MA 2nd year students who presented their papers were Tom Gurung, Sagar Poudel, Srijana Poudel, Arpana Kandel, Anu Dura, Darshan Chhantyal, Lenin Kumal, Nirmala Ghimire, Sunita Adhikari, and Sarmila Gurung.

Paper presentations were followed by the group discussion workshop. The participants were divided into 4 groups consisting of 10 students in each group. The group discussion was followed by reporting from each group by the group leaders.

The seminar/workshop was organized as part of an activity for Nepal Studies course in MA 2nd Year at the Department of English.

The seminar/workshop was moderated by Associate Professor Dr. Min Pun who teaches the course in Nepal Studies and hosted by Sara Bajamaya, a 4th year student from B.Sc. program.

## रसायनशास्त्रसम्बन्धी एकदिने कार्यशाला गोष्ठी सञ्चालन

त्रि.वि.-पृ.ना.क्या., असौज २८ - पृथ्वीनारायण क्याम्पस, नेपाल केमिकल सोसाइटी, काठमाण्डौं र क्रियामूलक-अनुसन्धान तथा परामर्श केन्द-नेपालको सयुक्त आयोजनामा "Better Things for Better Living through Chemistry" मूल नारा सहितको एक दिने कार्यशाला गोष्ठी सम्पन्न भयो।

पृथ्वीनारायण क्याम्पस, पोखराका क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाको प्रमुख आतिथ्यता तथा नेपाल केमिकल सोसाइटीका अध्यक्ष प्रा.डा. अमरप्रसाद यादवको सभापतित्वमा सम्पन्न भएको थियो।

त्यसैगरी गोष्ठीमा त्रि.वि. सेवा आयोगका पूर्व सदस्य तथा रसायनशास्त्र केन्द्रिय विभागका प्रा.डा. केदारनाथ घिमिरे किनोट स्पिकरका भूमिका निर्वाह गर्नुभएको थियो।

गोष्ठीमा पोखरा, काठमाण्डौं, बुटवल, चितवन, धनकुटा लगायत विभिन्न स्थानबाट आउनुभएका वैज्ञानिक विज्ञहरूले विविध विषयमा कार्यपत्रमा आफ्ना प्रस्तुती दिनुभएको थियो। करिब ६० जना वैज्ञानिक तथा प्राध्यापकहरूको सहभागिता रहेको सो गोष्ठीमा रसायनशास्त्र सम्बन्धी विविध विषयमा वहाँहरूका बीच अन्तर्क्रिया भएको थियो।

पृथ्वीनारायण क्याम्पस, रसायनशास्त्र विभागका उप-प्राध्यापक डा. रामजीवन यादवले कार्यक्रमको संयोजन गर्नुका साथै कार्यक्रमको सञ्चालन समेत गर्नुभएको थियो।

## पुस्तकालय व्यवस्थापनसम्बन्धी एकहप्ते तालिम पृथ्वीनारायण क्याम्पसमा सम्पन्न

त्रि.वि.- पृ.ना.क्या., फागुन ७ - पृथ्वीनारायण क्याम्पसमा "पुस्तकालय व्यवस्थापनसम्बन्धी एकहप्ते तालिम" हालै सम्पन्न भएको छ।

क्याम्पस प्रमुख प्रा.डा. चन्द्रबहादुर थापाको सभापतित्व र जिल्ला प्रशासन अधिकृत नरेन्द्रराज पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त तालिम पृथ्वीनारायण क्याम्पस र नेपाल राष्ट्रिय पुस्तकालय, काठमाण्डौंको संयुक्त आयोजनामा भएको थियो। विशेष अतिथिका रूपमा यस क्षेत्रका जनप्रतिनिधिहरू वडा नं. १ का अध्यक्ष शारदा पराजुली र वडा नं. ५ का अध्यक्ष धनबहादुर नेपालीको उपस्थिति रहेको थियो।

तालिमका लागि पुस्तकालय विज्ञहरू नेपाल राष्ट्रिय पुस्तकालयका प्रमुख उपेन्द्र मैनाली, अधिकृत बसन्तराज पन्त र अन्जु शाक्यका साथै पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय, पोखराका प्रमुख किशोर सुवेदी हुनुहुन्थ्यो।

तालिममा प्रदेश नं. ४ अन्तर्गतका सामुदायिक पुस्तकालय र सरकारी विद्यालय तथा क्याम्पसका लाइब्रेरियनहरूको सहभागिता रहेको थियो।

कार्यक्रमको सञ्चालन पुस्तकालय प्रमुख किशोर सुवदीले गर्नुभएको थियो।

## त्रि.वि.बाट क्याम्पस सञ्चालनार्थ व्यवस्थापन समिति र कार्यसमिति गठनको स्वीकृत प्राप्त

त्रि.वि.-पृ.ना.क्या., पौष २८ - पृथ्वीनारायण क्याम्पसको सञ्चालनार्थ त्रि.वि. ऐनमा व्यवस्था भएअनुरूप व्यवस्थापन समिति र कार्यसमितिको गठनका लागि क्याम्पसबाट सिफारीस गरिएको सदस्यहरूको नामावली त्रि.वि.बाट हालै स्वीकृत भई सुरूवाती बैठकहरू बसेर महत्वपूर्ण निर्णयहरू गरेको छ।

क्याम्पस सूत्रका अनुसार क्याम्पस व्यवस्थापन समितिमा क्याम्पस प्रमुख अध्यक्ष रहने गरि अन्य २१ जना सदस्यहरू रहेका छन्। जसअनुसार सहायक क्याम्पस प्रमुखहरूका तर्फबाट प्रा. ताराराज खनाल, बसन्त पराजुली, नन्दलाल अधिकारी, महेन्द्र आले, डा. वीरबहादुर कार्की र होमनाथ पौडेल रहनु भएको छ। विभागीय प्रमुखहरूका तर्फबाट डा. उमानाथ बराल, इन्द्रप्रसाद शर्मा र हुतराज शर्मा हुनुहुन्छ भने प्राध्यापकहरूका तर्फबाट प्रा.डा. शोभाकान्त लामिछाने र कमलराज पौडेल रहनु भएको छ। त्यसैगरि जनप्रतिनिधिका तर्फबाट वडा नं. १ का अध्यक्ष शारदा पराजुली, अविभावकहरूका तर्फबाट सोमनाथ अधिकारी प्यासी, ऋषि सापकोटा, चन्दादाताका तर्फबाट कमलनाथ बराल, प्राध्यापक संघका तर्फबाट प्रा.डा. वेदनाथ शर्मा, कर्मचारी संघका तर्फबाट नवराज बास्तोला, र क्याम्पस प्रशासनका तर्फबाट प्रेमलाल बराल र चिरञ्जिवी थपलिया रहनु भएको छ।

क्याम्पस सूत्रका अनुसार क्याम्पस कार्यसमितिमा क्याम्पस प्रमुख अध्यक्ष रहने गरि अन्य ४ जना सदस्यहरू रहेका छन्। जसअनुसार सहायक क्याम्पस प्रमुख नन्दलाल अधिकारी, विभागीय प्रमुख डा. उमानाथ बराल, र प्राध्यापकहरू डा. शोभाकान्त लामिछाने र कमलराज पौडेल रहनु भएको छ।

दुवै समितिहरूको सदस्य सचिवमा सहायक क्याम्पस प्रमुख नन्दलाल अधिकारी रहनु भएको छ।

# विज्ञान तथा प्रविधिको विकास सम्बन्धी एकदिवसीय परामर्श गोष्ठी सम्पन्न

त्रि.वि.-पृ.ना.क्या., असौज ९ - विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) र पृथ्वीनारायण क्याम्पसको सहकार्यमा "नेपालमा विज्ञान तथा प्रविधिको विकास: वर्तमान स्थिति र भविष्यको संभावना" विषयक एकदिवसीय परामर्श गोष्ठी सम्पन्न भयो।

गोष्ठीमा आर्थिक समृद्धिका लागि वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा आविष्कारको भूमिकाबारे बृहद छलफल भयो।

नयाँ नेपालको नयाँ संरचनामा विज्ञान तथा प्रविधिको विकास माथि छलफल गर्दै सहभागीहरु बीच प्रदेश ४ को सामर्थ्य र सम्भावनाका साथै चुनौतीका विषयमा पनि विचार विमर्श गरियो।

प्राकृतिक स्रोतका हिसाबले प्रदेश ४ मा विद्यमान भौगोलिक विविधता, जलस्रोतमा सम्भावना, कृषिमा विविधता र पर्यावरणीय पर्यटनको यथेष्ठ अवसर विद्यमान रहनुका साथै उच्च शिक्षा र अनुसन्धानशाला सञ्चालनको लागि पनि ठूलो संभावना रहेको कुरा छलफलमा संलग्न विज्ञहरुले औंल्याँउनु भएको थियो।

गोष्ठीको अध्यक्षता गर्नु भएका विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. संजय शर्माले विज्ञान तथा प्रविधिको विकास गर्न नीति मात्र नबनाई रणनीति एवं कार्ययोजना नै तयार गर्न मन्त्रालय अगाडि बढिरहेको हुँदा सबै पक्षबाट उचित सहयोगको अपेक्षा गर्नुभयो।

नास्टका उपकुलपति प्रा. डा. जीवराज पोखरेलले प्रान्त स्तरबाटै विज्ञान तथा प्रविधिको विकासका लागि नास्टले देशका सातवटै प्रान्तमा आधुनिक प्रयोगशाला स्थापना गर्ने क्रममा गत आर्थिक वर्षमा सात नं प्रदेशमा कार्यालय स्थापना गरिएको जानकारी दिँदै समय सापेक्ष विज्ञान प्रविधिलाई गति दिन नास्ट दत्तचित्त रही कार्यगर्दै रहेको जानकारी दिनु भयो।

कार्यक्रममा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरुभक्त श्रेष्ठ, राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. विनायक भद्रा, पृ.ना. क्याम्पसका संस्थापक प्राचार्य जर्ज जोन र पूर्व क्याम्पस प्रमुख प्रा. विश्वराज अधिकारीले देशको सर्वाङ्गीण विकासको लागि विज्ञान तथा प्रविधिको विकास अनिवार्य रहने कुरा माथि प्रकाश पार्नु भएको थियो।

कार्यक्रमको प्रारम्भमा छलफलका लागि नास्टका प्राज्ञ डा. दिनेशराज भुजुले आर्थिक समृद्धिका लागि विज्ञान तथा प्रविधि एवं आविष्कारको भूमिका बारे प्रस्तुतिकरण गर्नु भएको थियो।

कार्यक्रमको प्रारम्भमा पृथ्वीनारायण क्याम्पसको तर्फबाट यसै क्याम्पसमा प्राध्यापनरत जीवन रेग्मीले स्वागत मन्तव्य राख्नु भएको थियो।

उक्त परामर्श गोष्ठीमा पोखरा क्षेत्रमा रहेका सरकारी निकायका प्रमुख, प्राज्ञिक एवं शैक्षिक संस्थाका प्रमुख र सरोकारवाला पक्षहरुसमेत गरी ७२ जनाको सहभागिता रहेको थियो। गोष्ठीमा ६ वटा विभिन्न विधाहरु कृषि, वन, ऊर्जा, स्वास्थ्य, शिक्षा र वातावरणमा समूहगत छलफल गरी रिपोर्टिङसमेत गरिएको थियो।

# AGTS Celebrated Its "Inter-Faculty Sports Meet - 2017"

TU-PNC, 1 Jan. 2018 – The Awareness Group of Technical Science (AGTS) celebrated its regular program "Inter-Faculty Sports Meet – 2017" on 17-26 December 2017.

The inaugural session was chaired by Paras Lamsal and attended by Campus Chief Prof. Dr. Chandra Bahadur Thapa as chief guest, Assistant Campus Chief Nanda Lal Adhikari, Prof. Dr. Shovakanta Lamichhane, B.Sc. CSIT Director Kul Prasad Dahal, and Physics Dept Head Dr. Parashu Ram Poudel as special guests. The ceremony was also attended by the organization's patrons and advisors, and the faculty members of various departments.

In the inaugural session, the welcome speech was delivered by Shishir Babu Ojha and the program was moderated by Binod Prasad Parajuli.

Student teams representing different faculties participated in various sports activities including 7A-side football, men's volleyball, women's volleyball, cricket, and athletes.

The sports meet was financially supported by Prithvi Narayan Campus and co-sponsored by Prabhat Books & Stationery.

In the prize distributing and closing ceremony, Campus Chief Prof. Dr. Thapa gave away the prizes for the students who participated in the events.

Speaking at the prize distributing and closing ceremony, Campus Chief Prof. Dr. Thapa expressed his happiness over the success of the meet and hoped that AGTS would continue its activities in the days to come. Similarly, the Coordinator of the meet Binod Prasad Parajuli said that AGTS has been working for the betterment of the campus and its students. "AGTS will be constructive if all cooperate with us," he added.

According to the organizing committee, the main objective of the sports meet is to celebrate sports for health.

Both inaugural and closing ceremony was hosted by AGTS Secretary Umesh Saru Thapa and Kabita Gautam.

Prithvi Bulletin

प. क्षे. हु.नि. द. नं. ३/०७४/७५

Year 3; Issue 1; March-August 2018

STAMP

*Mailing Address:*
Tribhuvan University
Prithvi Narayan Campus
Bagar, Pokhara
NEPAL

*Contact at:*
Phone: +977-61-526837
Email: info@pncampus.edu.np
Website: www.pncampus.edu.np

To:

Published by QAA/Reform Unit, Tribhuvan University, Prithvi Narayan Campus, Pokhara; Edited by Dr. Min Pun; Printed at Rosey Printing House, Pokhara